# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ
Katahari, Morang

प.सं./ Ltr. No.:
च.नं./ Ref.No:

Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


मिति :.............................

सूचना सूचना सूचना

### कृषि भेटेनरी भवनको लिलाम बिक्रि सम्बन्धी सूचना ।

**(दोश्रो पटक प्रकाशित मिति २०८२/०६/०८)**

हाल कटहरी गाउँपालिकाको वडा नं. ३ मा रहेको पुरानो कृषि भेटेनरी भवन भत्काई लिलाम बिक्रि गर्नुपर्ने भएकाले प्राविधिक बाट हुन आएको मुल्याङ्कन रु. ३७०५७१.५४।– (भ्याट सहित) लाई न्युनतम बिक्रि मूल्य कायम गरी लिलाम बिक्रि गरिने भएको हुँदा ईच्छुक सम्बन्धीत सबैको जानकारीका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ। ईच्छुकले कबोल अङ्कको ५% ले हुन आउने रकम गाउँपालिकाको धरौती खाता नं. २१९०१००३०३००००२, राष्ट्र वाणिज्य बैंक कटहरी शाखामा जम्मा गरी कबोल अङ्क खुलाई सूचना प्रकाशन भएको मितिले १५ दिन भित्रमा खामबन्दी निवेदन पेश गर्नुहुना अनुरोध छ।

| ठेक्का न. | विवरण | न्युनतम अङ्क (भ्याटसहित) रु. | फारम दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम मिति र समय | दरभाउपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|
| | | | | | मिति र समय | स्थान |
| KRM/R/SQ/5/ 2082/083 | कृषि भेटेनरी भवनको लिलाम बिक्री | ३७०५७१.५४। | १,०००।- | २०८२/०६/२२ गते कार्यालय समय सम्म । | २०८२/०६/२३ गते २ : ०० बजे । | कटहरी गाँउपालिकाको कार्यालय |

२०८२/०६/०८

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ठेक्का कबोलका लागि शर्तहरुः-

१. यो गोप्य शिलबन्दी दरभाउपत्रमा भाग लिनेले कबोल गरेको अंकको ५ प्रतिशत रकम राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको धरौटी **खाता नं २१९०१००३०३००००२** मा जम्मा गरि सो को सक्कलै भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।

२. फाराममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

३. फारम खरिद गर्ने ब्यक्तिको हकमा लिखित निवेदन साथै नेपाली नागरिकता र स्थाई लेखा नं. (PAN) को प्रतिलिपि पेश गर्नु पर्नेछ । फर्म वा कम्पनीको हकमा दर्ता/नविकरण, आ.व.०८१/०८२ को करचुक्ता प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

४. ठेक्का अवधि आ.व. २०८२/०८३ को ठेक्का सम्झौता भएको मिति देखी असार मसान्त सम्मको लागि हुनेछ।

५. म्याद नाघि र रित नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुनेछैन ।

६. गाँउपालिकाको ठेक्का वापत बुझाउन बाँकि रहेको ब्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउने छैन ।

७. शिलबन्दी दरभाउपत्र स्वीकार गरेको मितिले ७ दिन भित्र ठेक्का कबोल वापतको एकमुष्ट रकम नगद गाउँपालिकाको आन्तरिक राजश्व खाता नं २१९०१००३०१०१०००२ मा जम्मा गर्नु पर्नेछ ।

८. ठेक्का सम्झौता भएपछी उक्त भवन ३० (तिस) दिन भित्रमा भत्काई जमिन खालि गरिसक्नु पर्ने छ ।

९. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. ठेक्का कार्यान्वयनको अवधिभर बिजुली, खानेपानी, सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले ब्यहोर्नु पर्नेछ ।

११. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१२. अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।

**नोटः**- ठेक्का सम्बन्धी विस्तृत विवरण कटहरी गाउँपालिकाको Website: Kataharimun.gov.np मा हेर्नुहोला ।

कटहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कटहरी, मोरङ कोशी प्रदेश, नेपाल

२०८२/०६/०६

प्रमुख प्रशासकीय अधिकृत